जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि परेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १२ ● अंक ३०४ ● २०८२ भदौं ७ गते शनिवार ● 23 Aug. 2025 ● पृष्ठ ४ ● मुल्य रु.५/-

# संसद्मा विधेयक, सडकमा शिक्षक र निजी विद्यालय सञ्चालक,अभिभावक चिन्तामा

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ६ भदौं

प्रतिनिधिसभा अन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विद्यालय शिक्षा विधेयक १७३ दफा सहित पारित गरेको छ।

सरकारले पुराना सहमति कार्यान्वयन नगरेको भन्दै शिक्षक महासंघले ११ भदौदेखि आन्दोलन गर्ने निर्णय गरेको छ।

निजी विद्यालय सञ्चालकहरूले गैर नाफामुलक प्रावधान र छात्रवृत्तिबाट आवास सुविधा हटाउन माग गर्दै सडक आन्दोलन थालेका छन् ।

प्रतिनिधिसभा अन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले विद्यालय शिक्षा विधेयक शुक्रबार समितिमा पेस गरे ।

उनका अनुसार साविकको विधेयकमा १६३ वटा दफा थियो। तर समितिले छलफल गरी पारित गरेपछि विधेयकमा १७३ वटा दफा कायम भएको छ।

१३ वटा नयाँ दफा थपिएको छ भने ३ वटा दफा हटाइएको छ। सरोकार वाला सबै पक्षसँग छलफल गरेर समितिबाट विधेयक पास भएको सभापति थापाले बताए।

‘२०२८ सालको शिक्षा ऐन खारेज गर्नेगरी ५४ वर्षपछि बन्न लागेको विधेयक भएकाले विद्यालय शिक्षामा नवीनता दिने कोसिस गरिएको छ,’ सभापति थापाले भने।








ठूलै दवाब र खतरा मोलेर सरोकार वालको मागलाई सम्बोधन गरिएको पनि उनले दाबी गरे। तर, सरोकार वाला शिक्षक महासंघ र निजी विद्यालय सडकमा छन्।

शिक्षक महासंघले विरोधको प्रावधानमा असन्तुष्टि जनाउँदै शुक्रबार आन्दोलनको घोषणा गरेको छ। ११ भदौंदेखि आन्दोलन गर्ने निर्णय शिक्षक महासंघले गरेको छ।

२०७५, २०७८, २०८० र २०८१/०८२ सालमा सरकारसँग भएको सहमति कार्यान्वयन नभएको महासंघले जनाएको छ । ‘प्रतिनिधिसभा र राष्ट्रिय सभामा सच्याउन प्रयत्न गर्छौं,’ महासंघ अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने ।

प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पनि नसच्याए गत चैतमा काठमाडौंमा गरेको २९ दिने आन्दोलनभन्दा पनि ठूलो आन्दोलन गर्ने चेतावनी महासंघले दिएको छ। निजी विद्यालय सञ्चालहरू पनि बिहीबारदेखि नै सडक आन्दोलनमा उत्रिएका छन्।

बिहीबार माइतीघरमा प्रदर्शन गरेका निजी विद्यालयले शुक्रबार संसद् भवन अगाडि विरोध प्रदर्शन गरेका छन्।

निजी विद्यालयलाई क्रमशः गैर नाफामुलक बनाउने प्रावधान र पूर्ण छात्रवृत्तिबाट आवास सुविधा हटाउन उनीहरूले माग गरेका छन् । ‘कम्पनीमा रहेर गैरनाफामूलक हुन सक्दैन । निजीले आवास सुविधासहितको पूर्ण छात्रवृत्ति दिन सकिँदैन,’ एनप्याब्सन अध्यक्ष सुवास न्यौपानले भने। माओवादी, रास्वपा र राप्रपाको फरक मतसहित विद्यालय शिक्षा विधेयक शुक्रबार समितिबाट पारित गरिएको थियो । विधेयक पारित भएपछि सरोकारवाला निकाय आन्दोलित भएका हुन्। अब विधेयक प्रतिनिधिसभा हुँदै राष्ट्रिय सभामा पुग्नेछ। यति सबै हुने हुँदा अहिले विद्यार्थीहरुका अभिभावकहरु चिन्तामा देखिन्छ। विद्यालय शान्ति क्षेत्र भए घोषणा भए पनि निजि विद्यालयहरु बन्द हुने कागारमा देखिन्छ। यस परिवेशलाई रोक्न सक्नु पर्दछ। यसका लागि संघीय शिक्षा मन्त्रीदेखि समितिका सम्पूर्ण सदस्यहरुले सबैको हितलाई ध्यानमा राखी निर्णय लिनु पर्ने आवश्यकता रहेको देखिन्छ।

# महानगर विरगंजको मेयर सिंहका कारण काम गर्न सकिएन : प्रजिअ अर्याल

जलेश्वरटुडे समाचारदाता
विरगंज, ६ भदौं

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वीरगञ्ज महानगरपालिकाका मेयरसँगको विवादका कारण सरुवा भएको आरोप लगाए।

उनका अनुसार मेयर राजेशमान सिंहले हरेक काममा दोहोरो भूमिका निर्वाह गरेको र सामाजिक सद्भाव बिग्रने अवस्था आएको थियो।

अर्यालले आफ्नो १० महिने कार्यकालमा नागरिकको सेवामा कुनै कसर बाँकी नराखेको दाबी गरे।

वीरगन्ज । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वीरगञ्ज महानगरपालिकाका मेयरसँगको ‘टसल’का कारण आफूले सरुवा गर एको बताएका छन्। गृह मन्त्रालयले सरुवा गरेपछि शुक्रबार जिल्ला प्रशासन कार्यालयमा आयोजित पत्रकारहरूसँगको भेटघाट कार्यक्रममा सिडिओ अर्यालले यस्तो जिकिर गरेका हुन्। उनका अनुसार पछिल्लो समय महानगरका मेयर राजेशमान सिंहले हरेक काममा दोहोरो भूमिका निर्वाह गरिरहेका थिए । उनले भने, ‘महानगरको मेयर र जिल्ला प्रशासनबिच एउटा सहमति हुन्थ्यो, तर पछि महानगरले आफ्नो स्वार्थ अनुसार अर्को निर्णय गर्थ्यो। जस कारण वीरगन्जको सामाजिक सद्भाव नै बिग्रने अवस्थामा पुग्थ्यो। यसका कारण काम गर्न एकदम कठिनाइ हुन थालेको थियो।’ महानगर मा मेयरसँग काम गर्न सक्ने अवस्था नभएपछि समयावधि नपुग्दै आफ्नो सरुवा गराएको अर्यालको आरोप छ। यसका बाबजुद आफ्नो १० महिने कार्यकालमा नागरिकको सेवामा कुनै कसर बाँकी नराखेको उनको दाबी छ। जिल्ला प्रशासन कार्यालयमा सेवामा सहजताका लागि स्थानीय भाषामा सूचनादेखि लिएर अन्य हेल्प डेस्कहरू स्थापना गरी सेवा प्रवाह गरेको उनी बताउँछन्। ‘भारतबाट नेपाल प्रवेश गर्ने भारतीयहरूलाई जाँचको बहानामा विभिन्न ठाउँमा हुने झमेलाबाट रोक्न आफ्नो योजना थियो, एकीकृत सुरक्षा प्रणाली स्थापना गरेर त्यो पूरा गर्न सकिनँ,’ उनले भने। उनका अनुसार वीरगन्ज भन्सार को कार्यालयका कारण त्यो सिस्टम लागु गर्न नसकिएको उनको दाबी छ । गतको कार्तिकको दोस्रो साता अर्यालको पर्सा जिल्लामा सरुवा भएर आएका थिए।



GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence



GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.



आत्महत्या समस्याको समाधान होइन ।
आत्महत्याका प्रमुख कारण :
❖ मानसिक तनाव,डिप्रेशन वा निराशा
❖ पारिवारिक झगडा वा सम्बन्ध बिच्छेद र प्रेममा असफलता,
❖ बेरोजगारी,आर्थिक संकट र ऋण लाग्नु,
❖ हिनताबोध,आवेश र घुर्की देखाउनु,
❖ व्यक्तिगत र पारिवारिक इच्छा,आकांक्षा पूर्ती हुन नसक्नु,
❖ सोचे अनुसार सफलता प्राप्त नहुनु,
❖ सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।
रोकथामका उपाय :
❖ आफन्त,साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
❖ तनाब वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
❖ आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
❖ तनाब र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।
"एक–अर्काको सहारा बनौं,आत्महत्या होइन समाधान खोजौं"
नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



# दशैं

—लेखनाथ पौड्याल—

हट्यो सारा हिलो मैलो
हरायो पानीको वर्षा
भवानीको भयो पूजा
चल्यो आनन्दको वर्षा

जता जाउ उतै भन्छन्
दशैं आयो दशैं आयो
यही आनन्द चर्चाले
सबै संकष्ट बिर्सायो

ठूला साना सबैलाइ
दशैं अत्यन्त राम्रो छ
चलेका चाडमा ज्यादै
यही उत्कृष्ट हाम्रो छ

सबै अत्यन्त आनन्दी
सबै छन् पिङमा दंग
सबैको देखिंदै आयो
उज्यालो चेहरा रंग

# सहकर्मीमाथि कुटपिटको विरोधमा बटेश्वर गाउँपालिकाका स्वास्थ्यकर्मी धर्नामा

जलेश्वरटुडे समाचारदाता
धनुषा, ६ भदौं



धनुषाको बटेश्वर गाउँपालिकाका स्वास्थ्यकर्मीहरू सहकर्मीमाथि कुटपिटको विरोधमा पाँचदिनदेखि धर्ना बसेका छन्।

साउन २३ गते शान्तिपुर स्वास्थ्य चौकीमा सुनिता सिंहमाथि हातपात भएपनि दोषीमाथि कारबाही नभएको भन्दै धर्ना सुरु गरिएको हो।


तीन बुँदे मागमा दोषीमाथि कारबाही, सुरक्षाको ग्यारेन्टी र भयरहित वातावरणमा काम पाउनुपर्ने कुरा राखिएको छ । सहकर्मीमाथि कुटपिटको विरोधमा धनुषाको बटेश्वर गाउँपालिकाका स्वास्थ्यकर्मीहरू पाँचदिनदेखि धर्ना बसेका छन्।

गत साउन २३ गते बटेश्वर गाउँपालिका-५ शान्तिपुर स्वास्थ्य चौकीमा कार्यरत सुनिता सिंहमाथि हातपात भएपनि दोषीमाथि कारबाही नभएको भन्दै गत सोमबारदेखि कामकाज ठप्प गरेर धर्ना बसेका हुन् स्थानीय दारा सिंह, अली हुसैन र रवि मण्डलले हातपात गरेको आरोप कर्मचारीहरूको छ। शान्तिपुर स्वास्थ्य चौकीका इन्चार्ज राजकुमार महतोका अनुसार घटना पश्चात् जिल्ला प्रशासन कार्यालय धनुषा र जिल्ला प्रहरी कार्यालय धनुषामा दोषीहरूलाई कारबाहीको माग गर्दै ज्ञापनपत्र बुझाएको थियो ।इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा जाहेरी समेत परेपनि दर्ता नभएको र कारबाही नगरिएको भन्दै धर्ना बस्नु परेको कर्मचारीहरूको भनाइ छ। तीन बुँदे माग राख्दै गाउँपालिकाका सम्पूर्ण स्वास्थ्यका कर्मचारी गत सोमबारदेखि हातपात गर्नेमाथि कारबाही गर्नुपर्ने, सुरक्षाको ग्यारेन्टी हुनुपर्ने र भयरहित वातावरणमा काम गर्न पाउ माग गर्दै शान्तिपुर स्वास्थ्यचौकीमा धर्ना बस्दै आएका छन् ।शान्तिपुर स्वास्थ्य चौकीका इन्चार्ज महतोका अनुसार वास्थ्य चौकीको मुल ढोकामै रहेको पिपलको बोट सार्ने विषयमा आरोपितहरूले हातपात गरेका थिए ।

# औपचारिक क्षेत्रका ६ लाख बढी श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ६ भदौं

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले हालसम्म ६ लाखभन्दा बढी श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध भइसकेको बताएका छन् । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले हालसम्म औपचारिक क्षेत्रका ६ लाख १३ हजार ७१८ जना श्रमिक कोषमा आबद्ध भएका बताएका हुन् । औपचारिक क्षेत्रका २१ हजार ३ सय ९२ रोजगारदाता समेत कोषमा आबद्ध भएका छन् । स्थानीय तहसँगको सहकार्यमा अनौपचारिक क्षेत्रका ७७६ श्रमिक र ४७६ स्वरोजगार व्यक्तिसमेत कोषमा आवद्ध भएको बताए । हालसम्म १८ लाख ३५ हजार ६०४ जना वैदेशिक रोजगारीमा जाने श्रमिक कोषमा आवद्ध भएको बताए । कोषलाई सबै श्रमिकका लागि अनिवार्य बनाउने लक्ष्य सरकारको रहेको बताए । सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आवद्ध हुने व्यवस्था सरकारले गरेको स्पष्ट गर्दै यसले वैदेशिक रोजगारी सुरक्षित हुनुका साथै श्रमिकका परिवारलाई समेत सहयोग पुग्ने विश्वास व्यक्त गरे । आन्तरिक रोजगारीको सिर्जना गर्नु सरकारको प्रमुख प्राथमिकता रहेको बताउँदै उनले वैदेशिक रोजगरीलाई सुरक्षित बनाउने समेत सरकारको प्राथमिकतामा रहेको बताए ।


अनुरोधकर्ता
भू तथा जलाधार व्यवस्थापन कार्यालय
जलेश्वर,महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: भ्रमणको योग
वृष: भक्तिभाव बढने
मिथून: डरचिन्ता बढने
कर्कट: व्यर्थ चिन्ता हुने
सिंह: खर्च बढने
कन्या: खानपिनमा रुचि बढने
तुला: स्फुर्ति बढने
वृश्चिक: मिष्ठान भोजन
धनु: काममा बाधा आउने
मकर: बिग्रेको काम बन्ने
कूम्भ: पुरानो मित्रसँ ग भेट
मीन:अधुरा काम पुरा हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# ओरालो यात्रामा जर्मनीको अर्थतन्त्र, वृद्धिदर थप घट्यो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ भदौं**



जर्मनीको अर्थतन्त्र सन् २०२५ को दोस्रो त्रैमासिकमा अनुमानभन्दा पनि धैरै घटेको सरकारी तथ्याङ्कमा देखिएको छ। यसले युरोपको सबैभन्दा ठूलो अर्थतन्त्रको लागि थप चिन्ता थपेको छ।

जर्मन संघीय तथ्याङ्क संस्था डेस्टाटिसका अनुसार, अप्रिलदेखि जुन महिनाको अवधिमा देशको कूल गार्हस्थ उत्पादन (जीडीपी) ०.३ प्रतिशतले घटेको छ। यसअघि जुलाईमा ०.१ प्रतिशत गिरावट भएको प्रारम्भिक अनुमान गरिएको थियो। उपभोग ( खपत), निर्माण र उत्पादन क्षेत्रको प्रदर्शन पनि अनुमानभन्दा कमजोर रह्यो भने वस्तु निर्यातमा ०.६ प्रतिशत र मेसिन तथा उपकरणमा लगानी १.९ प्रतिशतले गिरावट आएको देखियो। अगस्टको सुरुमा सार्वजनिक गरिएको अर्को तथ्याङ्कमा जून महिनामा औद्योगिक उत्पादन महामारीपछिको सबैभन्दा तल्लो स्तरमा पुगेको थियो। आईएनजी बैंकका विश्लेषक कार्स्टेन ब्रजेस्कीका अनुसार, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा लगाइएको भन्सार कर र अमेरिकी डलरको तुलनामा युरोको दर वृद्धि जस्ता कारणले निर्यातमा निर्भर जर्मनीको अर्थतन्त्रलाई चाँडै सुधार हुनु कठिन देखिन्छ।उनले भने, 'जर्मनीको अर्थतन्त्र लामो समयदेखि स्थिरताको बानीमा परिसकेको छ र सन् २०२६ अघि उल्लेखनीय सुधार हुने सम्भावना कमजोर देखिन्छ।'

# 'बिग बोस १९'मा 'द अन्डरटेकर' आउने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ भदौं**



बिग बोस १९ औं सिजनमा डब्लुडब्लुईका सुपरस्टार मार्क क्यालवे अर्थात 'द अन्डरटेकर' सहभागी हुनसक्ने चर्चा छ।

माइक टायसन सातदेखि १० दिन बिग बोस १९ मा सहभागी हुनसक्ने र टिमले उनको एजेन्टसँग वार्ता गरिरहेको छ।

अन्य सहभागीमा संगीतकार अमाल मलिक, लेखक जीसान क्वादरी, अभिनेता गौरव खन्ना, युट्युबर मृदुल तिवारी लगायतको नाम रहेको छ। सलमान खानले होस्ट गर्ने भारतीय रियालिटी टिभी शो 'बिग बोस'को १९ औं सिजनमा सहभागि हुने प्रतिस्पर्धीको नाम औपचारिकरुपमा घोषणा त भएको छैन तर, अनुमानहरू भैरहेका छन् यो शोमा वर्ल्ड रेस्लिङ इन्टरटेनमेन्टका सुपरस्टार मार्क क्यालवे अर्थात 'द अन्डरटेकर' प्रतियोगीको रुपमा सामेल हुने चर्चा छ। डब्लुडब्लुईका सबैभन्दा ठूला नामहरू मध्ये एक अन्डरटेकर, माइक टायसनसँग सामेल हुन सक्छन्। टायसनलाई १९ औं सिजनमा रोस्टरको रुपमा पनि जोडिएको छ। यदि यी रिपोर्ट सत्य हुन् भने, बिग बोस आफ्नो लोकप्रियताको टोपीमा प्वाँख थपेको छ। रिपोर्टका अनुसार, डब्लुडब्लुईको रोस्टरमा सक्रिय नभएका अन्डरटेकरलाई बिग बोसका निर्माताले सम्पर्क गरेका छन्। उनी नोभेम्बरमा हुने बिग बोसमा वाइल्डकार्ड प्रवेश गर्न सक्छन्, जसको भारतमा ठूलो प्रशंसकहरू छन्।

# आप्रवासी बहुउद्देश्यीय सहकारी संस्था लि.

## लक्ष्मीनियाँ गा.पा.–७,धनुषा

**कृषियन्त्र तथा उपकरण खरिदको लागि शिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

शिलबन्दी दरभाउपत्र नं. ०१–२०८२/२०८३

प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०८२/०५/०७

आप्रवासी वहुउदेश्यीय सहकारी संस्था लि. लक्ष्मीनियाँ गा.पा.–७ धनुषाले GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधि कार्यान्वयन गर्नको लागि यस सहकारी संस्था र GGGI को संयुक्त लगानिमा Agriculture Custom Hiring Center सुरुवात गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरण खरिद गर्नु पर्ने छ।

उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागि तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरण आपुर्तिको लागि सिलबन्दी दरभाउँपत्र आह्वान गरिन्छ। साथै देशै भरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता,आपूर्तिकर्ता तथा बितरकहरुबाट यो सुचना प्रकाशन भएको मितिले २१ दिनभित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समयभित्र गोप्य सिलबन्दी दरभाउँ पेश गर्नु हुन वा ईमेल ठेगाना mmcooperative2075@gmail.com मार्फत पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। सम्बन्धित दरभाउपत्र सम्बन्धि आपुर्ति गरिने सामानको बिवरण र कागजातहरु यसै लिङ्कमा उपलब्ध छ : लिङ्क :-https://drive.google.com/drive/folders/13lWksOC_C4CUWy8OQRvqo8lUlsqhQwjY?usp=drive_link

तपसिलः–

१.ईच्छुक अधिकृत विक्रेता, आपूर्तिकर्ता वा बितरकले आफुसंग उपलब्ध मेसिनरी तथा उपकरण को लागि शिलबन्दी दरभाउ पेश गर्न सकिनेछ। गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ।

२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाताबाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ।

३. उपरोक्त कारोबार भदौ ७ देखि मंसिर १५, २०८२ सम्म संचालन गरिनेछ।

४. ईच्छुक अधिकृत विक्रेता, आपूर्तिकर्ता वा बितरकले संस्थाको कार्यालयमा उपस्थित भई वा (माथि लिङ्कबाट डाउनलोड गरि) प्राप्त गर्न सकिने छ। यो सुचना प्रकाशन भएको मितिले २१ दिनभित्र यस सहकारी संस्थाको कार्यालयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ (अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा पेश गर्न सकिनेछ)।

५. शिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र,आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/०८२ वा म्याद थपको पत्र सहित २०८०/२०८१ को कर चुक्ता ) पेश गर्नु पर्ने छ।

६. शिलबन्दी दरभाउ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्क वापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरि जम्मा गरेको भौचर शिलबन्दी दरभाउसँग पेश गर्नु पर्नेछ।

७. बोलपत्र फारममा उल्लेखित प्रत्येक मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनु पर्नेछ। अंक अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन।

८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले शिलबन्द गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।

९. पेश गरिएका बोलपत्रहरु मिति २०८२ भदौ २७ गते १ बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम वा निजको प्रतिनिधिको उपस्थितिमा यस संस्थाको कार्यालयमा खोलिने छ। तोकिएको दिनमा बोलपत्रदाता वा प्रतिनिधि अनुपस्थित भएमा पनि शिलबन्दी दरभाउ खोल्न कुनै बाधा पर्ने छैन। तर सो दिन सार्वजनिक बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ खोलिने छ।

१०. म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।

११. अन्य शर्तहरु साना किसान कृषि सहकारी संस्था लि.धमौराको खरिद नीति तथा नियमावली र नेपाल सरकार को प्रचलित कानुन बमोजिम हुनेछ। निर्णयको सर्वाधिकार साना किसान कृषि सहकारी संस्था लि.धमौरामा निहित रहनेछ।

१२.बोलपत्रदाताले जम्मा प्रस्तावित कबोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यालयको नाममा जारी भएको पत्र पेश गर्नु पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाममा रहेको Nepal Investment Mega Bank लक्ष्मीनियाँको खाता नं.– १७६०१०५०००१३०४ मा दाखिला गरि जम्मा गरेको बैक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र शिलबन्दी बोलपत्र संगै पेश गर्नु पर्ने छ।

१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ।

**बोलपत्र पेश गर्ने र खोलिने ठेगाना**

आप्रवासी वहुउद्देश्यीय सहकारी संस्था लि.,मधेश प्रदेश
लक्ष्मीनियाँ गा.पा.– ७ धनुषा
ईमेल : mmcooperative2075@gmail.com

**अध्यक्ष**
नाम : दुखरण यादव

# भुटान विरुद्ध नेपालको पुनरागमन जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ भदौं**



नेपालको यू-१७ महिला फुटबल टिमले भुटानमा भइरहेको साफ यू-१७ महिला च्याम्पिनयसिपमा घरेलु टोली भुटानलाई २-१ ले पराजित गरेको छ।

थिम्पुस्थित चाङलिमिथाङ स्टेडियममा शुक्रबार भएको खेलमा नेपालले दोस्रो हाफमा दुई गोल गर्दै पुनरागमन जित हात पारेको हो।

साहारा लिम्बुको दुई गोलमा भुटानमा भइरहेको साफ यू-१७ महिला च्याम्पिनयसिपमा नेपाली यू-१७ महिला टिमले घरेलु टोली विरुद्ध पुनरागमन जित हात पारेको छ।

थिम्पुस्थित चाङलिमिथाङ स्टेडियममा शुक्रबार भएको खेलमा नेपालले दोस्रो हाफमा दुई गोल गर्दै भुटानलाई २-१ ले पराजित गरेको हो। पहिलो हाफमा भुटानले १-० को अग्रता लिएको थियो। तर साहाराले नेपालका लागि ५८औं मिनेटमा बराबरी गोल फर्काइन्। त्यसपछि साहाराले नै ७७औं मिनेटमा गोल गर्दै नेपाललाइ२ अग्रता दिलाइन्। त्यही गोल निर्णायक बन्दा नेपालले च्याम्पियनसिपमा पहिलो जितसहित ३ अंक जोडेको छ। पहिलो खेलमा नेपाल भारतसँग ७-० ले पराजित भएको थियो। नेपालले आफ्नो तेस्रो खेल आउने आइतबार बंगलादेशसँग खेल्नेछ।





अनुरोधकर्ता
सम्सी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# लिपुलेकमात्रै होइन, ७२ ठाउँमा छ सीमा विवाद

सुगौली सन्धि सन् १८१६ मा नेपाल र बेलायतशासित भारतबीच पूर्वी, पश्चिमी र दक्षिणी सीमालाई पहिलोपटक निश्चित गर्न हस्ताक्षर भएको थियो।

नेपाल-भारत सीमामा मुख्य विवाद सुस्ता र लिम्पियाधुरा-कालापानी क्षेत्रका छन्, जहाँ नदीको बाटो परिवर्तन र नक्सा विवादले समस्या बढाएको छ।

नेपाल र भारतबीच सन् १९८१ मा संयुक्त सीमा समिति गठन भएको छ, जसले सीमांकन र विवाद समाधानका लागि सहकार्य गर्दै आएको छ।

सन् १८१६ को मार्च ४ देखि कार्यान्वयन हुने गरी हस्ताक्षर गरिएको सुगौली सन्धिले इस्ट इन्डिया कम्पनी (पछि बेलायतशासित भारत)सँग नेपालको पूर्वी, पश्चिमी र दक्षिणी सीमालाई पहिलो पटक निश्चित गरेको थियो । सन्धिबारे तत्कालीन नेपाल दरबारको भावनालाई ध्यान दिँदै अंग्रेज सरकारले ११ डिसेम्बर १८१६ मा पूरक सन्धि गर्‍यो । सुगौली सन्धिको धारा ३ अनुसार गुमेको तराईको ३ खण्डको करिब सात हजार वर्गमाइल जमिनको दुईतिहाई जमिन यस पूरक सन्धिबाट नेपालले फिर्ता पायो । यसरी जमिन फिर्ता गरेबापत अंग्रेज सरकारले नेपाल सरकारलाई वार्षिक रूपमा तिर्न कबोल गरेको दुई लाख रुपैयाँ नतिर्ने भयो (लुडविग स्टिलर, द साइलेन्ट क्राई)। सन् १८५७-१८५८ सम्म भारतमा चलेको सैनिक विद्रोह दबाउन नेपालका तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले सघाएबापत इनामस्वरूप सन् १८६० नोभेम्बर १ मा नेपाल र अंग्रेजशासित बेलायतबीच भएको सन्धि नै नेपाल-भारत सीमा निर्धारण गर्ने दोस्रो र अन्तिम पूरक सन्धि बन्न पुग्यो। सोही पूरक सन्धिमार्फत पश्चिम नेपालको राप्ती नदीदेखि काली नदीसम्म फैलिएका चार जिल्ला (कैलाली, कञ्चनपुर, बाँके, बर्दिया) नेपाललाई फिर्ता दिन अंग्रेज सरकार राजी भयो । ती चार जिल्लालाई नयाँ मुलुक पनि भनिन्छ । सुगौली सन्धिमा इस्ट इन्डिया कम्पनीले लगेको तराईका भूभागको पुनः प्राप्तिको यो नै अन्तिम चरण थियो ।

सीमान्त र सिमाना

कुनै पनि मुलुकको प्रशासनिक तथा न्यायिक क्षेत्राधिकारभित्र पर्ने सीमा क्षेत्र नै सीमान्त (फ्रन्टियर) हो । सामान्यतः सीमान्त क्षेत्र विवादित र अनिश्चित हुन्छ, जहाँ कुनै देशको राजनीतिक नियन्त्रण रहे पनि प्रशासनिक नियन्त्रण भने फितलो हुन्छ। प्रायः मानिस नबस्ने यस्ता भूमि कृषिका लागि अयोग्य, बाँझो र पहुँचबाट टाढा तथा हिमाली क्षेत्र पनि हुन्छन्, जसको रणनीतिक महत्व हुन्छ । सीमान्तको एउटै खण्डमा दुई देशको दाबी हुन सक्छ । तर हिमालय, नदीनाला, गल्छी, दह, पहाडको चुचुरो वा पानीढलोले सिमाना छुट्याउँछन् । नेपाल र चीनको सीमामा प्राकृतिक सीमान्तको काम हिमालयपर्वत शृङ्खलाले गरेका छन्।

रोमन साम्राज्यमा पनि सैन्य तथा अन्य रणनीतीक दृष्टिले आदिवासी शत्रुको प्रतिरक्षार्थ राइन र ड्यान्युब जस्ता सीमान्त नदीलाई उपयोग गरेको पाइन्छ। भू-सिमानालाई एउटा सीमास्तम्भबाट अर्को सीमास्तम्भमा खिचिएका शृंखलाबद्ध रेखाका रूपमा परिभाषित गर्न सकिन्छ। पहाडको चुचुरो वा धारहरू यस्ता सीमास्तम्भ ठड्याउने उपयुक्त स्थान हुन् । नदीले सिमाना छुट्ट्याउनुपरेको अवस्थामा भने नदीको मध्यप्रवाहबाट जाने घुमाउरो रेखा नै सीमारेखा बन्न पुग्छ। नदीका द्वीपहरू नहुँदासम्म सीमास्तम्भ ठड्याउन असहज हुने भएकाले दुवै किनारमा सीमास्तम्भ राखी नदीको मध्यधार तोकिन्छ ।


सीमा उल्लेखन तथा सीमांकन

अन्तर्राष्ट्रिय न्यायालयअनुसार सिमानाको सीमा उल्लेखनअन्तर्गत 'परिभाषा' र 'वर्णन' पर्दछन् । सीमा उल्लेखन भइसकेको अनुमान गरिने भएकाले सीमांकनका क्रममा भौतिक रूपमा सिमाना तोक्ने र सीमास्तम्भ गाड्ने काम गरिन्छ । जमिनले जोडिएका दुई देशबीचको सीमा उल्लेखन र त्यसपछिको सीमांकनका लागि पानीढलो सिद्धान्त अनुसरण गरिन्छ । नदीले जोडिएका देशहरूको सीमांकनका लागि थालवेग सिद्धान्त वा गहिरो प्रवाह सिद्धान्त (नदीका धेरै शाखामध्ये जहाज चलाउन सजिलो सबैभन्दा गहिरो शाखा नै मूल शाखा मान्ने सिद्धान्त) प्रयोग गरिन्छ । जल यातायात नहुने नदीहरूमा भने मध्यवर्ती रेखालाई नै अन्तर्राष्ट्रिय सिमानाका रूपमा लिइन्छ।

सीमांकनको इतिहास


नेपाल-भारत सीमांकनको काम सन् १८१७ देखि सन् १८६० सम्म पूर्वको फालेलुङदेखि पश्चिमको ब्रह्मदेव मण्डीसम्म निरन्तर चलेको थियो । त्यस क्रममा नेपाल दरबार र इस्ट इन्डिया कम्पनी र ब्रिटिस सरकारका प्रतिनिधिहरूले ९१८ ओटा सीमास्तम्भ खडा गरेका थिए। यद्यपि कञ्चनपुरको ब्रह्मदेवबाट उत्तरतर्फ काली नदीको उद्गम लिम्पियाधुरासम्म भने सीमांकन भएको थिएन । फालेलुङदेखि झिनस्याङ चुचुरोसम्मको उत्तरपूर्वी सिमानामा पनि सीमास्तम्भ गाडिएको थिएन। सन् १९१२ देखि १९१५ सम्म नेपाल र तत्कालीन 'युनाइटेड प्रोभिन्स अफ आगरा एन्ड अवध'मा पर्ने पिलिभित जिल्लाका केही खण्डमा घुमाउरा नालाहरूमा सीमारेखा पुनः निर्धारण गर्ने काम भयो। त्यस्तै सोही अवधिमा कञ्चनपुर टनकपुरको शारदा नदी नजिकका खण्डहरूमा पनि सीमारेखा पुनः निर्धारण गरिएको थियो। सन् १८३९ मा गरिएको सघन सर्वेक्षणपश्चात् ब्रिटिस विद्वान् डा. क्याम्पवेलले नेपाल र सिक्किमको सीमा विवाद हल गर्ने क्रममा मेची नदीको पूर्वी भंगालोलाई आधार मानी विवादित अन्तु डाँडालाई नेपालतर्फ पारेका थिए। नेपाल-भारत सीमान्त क्षेत्रमा गाडिएका स्थायी सीमास्तम्भलाई जंगेस्तम्भ भनिन्छ, जुन २.२ मिटर अग्ला छन् र यिनको शीर्ष भाग २ मिटर लम्बाइ १ मिटर चौडाइको छ । जंगे पिलरको जग एक मिटरको छ भने यसको परिधि तीन मिटरको छ। बेलायती शासन रहँदा र त्यसपछि पनि नेपाल र भारतबीच भएका सिमाना निर्धारणसम्बन्धी अभ्यासमार्फत यी जंगे स्तम्भहरूलाई सीमास्तम्भले प्रतिस्थापन गर्ने गरेका छन्। अन्तर्राष्ट्रिय अभ्यासमा मुख्य सीमास्तम्भ पाँच किमिको अन्तरमा र सहायक सीमास्तम्भहरू पाँच सय मिटरको अन्तरमा गाडेको पाइन्छ । धेरै जनसंख्या भएको क्षेत्रमा सहायक सीमास्तम्भहरू हरेक सय मिटरमा पनि ठडाइन्छ। नदी, सडक पार गर्ने ठाउँ तथा मुख्य मुख्य मोडमा अतिरिक्त सीमास्तम्भ पनि राख्ने गरिन्छ । यसरी राखिने प्रधान तथा सहायक सीमास्तम्भको उचाइ क्रमशः २ मिटर र ०.५ मिटरको हुन्छ ।नेपाल र भारतबीच धेरै स्थानमा सीमा विवाद रहे पनि सबैभन्दा मुख्य विवाद सुस्ता र लिम्पियाधुरा-कालापानी क्षेत्रमा छ । सन् १९६२ मा भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले भारतीय राज्यसभामा सुस्ताको सीमा विवाद एक पुरानो विवाद भएको टिप्पणी गरेका थिए । सीमा नदी गण्डक (नारायणी)ले बारम्बार बाटो बदलेका कारण सुस्तामा सीमा विवाद सिर्जना भएको हो ।सन् १८४५, १९२४-१९२८, १९५४, १९७२, १९८० र १९८९ मा आएका भीषण बाढीका कारण र भारतले गण्डक बाँध तथा त्रिवेणी नहर बनाएका कारण नारायणी नदी नेपालतर्फबाट बग्न थाल्यो । त्यस क्रममा कुनै बेला नदीको पश्चिम किनारामा रहेको सुस्ता क्षेत्र पूर्वी किनारमा पुगेर भारतीय भूमिसँग जोडियो।गुगल म्यापले सुस्ता क्षेत्रमा देखाउने नेपाली र भारतीय सीमा रेखा एक अर्कासँग मेल खाँदैनन् । यी दाबीहरू सन् १८१७ मा तयार गरिएको र दुवै सरकार सहमत भएर लागु गरिएको रोजर मार्टिन स्ट्रिप नक्सासँग पनि मेल खाँदैनन्।










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday